# Sports Event Management Guideline

# **इभेन्ट व्यवस्थापन** सम्बधि नियमावली

नेपाल अटोमोवाइल्स एसोसिएसन(नासा नेपाल)को नवौं साधारणसभा, श्रावण १३, २०८० ले पारित गरी कार्यदल गठन गरे बमोजिम सो कार्यदलले पाएको अधिकार प्रयोग गरी संघको विधान, खेलकुद विकास ऐन २०७७, खेल संचालन नियमावली २०७९, यस संघ आवद्ध अन्तर्राष्ट्रिय महासंघहरुको विधान तथा निर्देशनहरु, राखेप, युवा तथा खेलकुद मन्त्रालय तथा सम्बधित सरकारी निकायहरुको निर्देशन तथा यस अघिका नियमावली, विधान र साधरणसभामा जनाएको प्रतिवद्धताको आधारमा **इभेन्ट व्यवस्थापन** सम्बधि नियमावली जारी गरिएको छ ।

1. यस संघमा मोटरस्पोर्टस्, मोटरसाइकलिङ्ग स्पोर्टस्, पावर बोटिङ्ग, कार्टस्, ई-स्पोर्टस् तथा टुरिङ्ग एण्ड र्‍यालि गरी मुलतः ६ वटा विधा रहनेछन् । आ-आफ्नो क्षेत्रसँग सम्बधित कमिसनले सो क्षेत्रको सम्पूर्ण कार्य सम्बधित आयोजकसँगको समन्वयमा गर्नेछन्,
2. खेल सम्बधि सम्पुर्ण प्राविधिक तथा ईभेन्टको क्याटेगोरि, दर्ता शुल्क र सेवा सुविधा लगायतका आवश्यक जनाकारि सार्वजनिक गरी जिखेविस/प्रदेश खेलकुद परिषद तथा यस संघलाई अग्रिम उपलब्ध गराउनु पर्ने,
3. कम्तिमा तिन वटा क्यामेराबाट रेसिङको सम्पुर्ण भागको भिडियो खिच्नु पर्ने, रेसिङ स्थलमा तोकिएका मिडियाकर्मीलाई समेत सुरक्षा फारम भरेर मात्र प्रवेश गराउनुपर्ने,
4. दुई वटा एम्बुलेन्स सहित मेडिकल टिमको व्यवस्था हुनुपर्ने, र रेसिङ स्थलबाट बढिमा आधा घन्टाको दुरिमा अस्पताल/उपचार केन्द्र हुनुपर्ने (र्‍याली र टुरिङ बाहेकलाई),
5. स्टेचर सहितको मेडिकल/रेसक्यू र मार्सलको व्यवस्था हुनुपर्ने, र प्राथमिक उपचारको सामग्री अनिवार्य,
6. रेसिङ स्थलमा मादक पदार्थ, सुर्तिजन्य र प्लाष्टिक फ्रि बनाइनुपर्ने प्रतिवद्धता,
7. सहभागि फारममा राइडर/ड्राइभरको निवेदन र अभिभावकको स्विकृति र हस्ताक्षर अनिवार्य हुनुपर्ने, साथै सम्पुर्ण प्राविधिक, आर्थिक, कानुनि तथा कुनै दुर्घटना समेत हुन गएमा सोको जिम्मेवारि र दायित्व मेरो र मेरो परिवारको सदस्यको हुनेछ भन्ने उल्लेख हुनुपर्ने,
8. राईडर/ड्राइभरको साथमा कम्तीमा एक जना गार्जियन/सहयोगि/साक्षि स-शरिर उपस्थित हुनुपर्नेछ र इमरजेन्सि रेस्पोन्सको जिम्मेवारि उसैको हुने भनि जानकारि गराउनु पर्ने,
9. सहभागिहरुले ड्राइभिङ्ग लाइसेन्स र संघको स्पोर्टिङ्ग लाइसेन्सको कपि अनिवार्य उपलब्ध गराउनुपर्ने,
10. कुनै पनि लागू औषध र प्रतिबन्धित औषधिको प्रयोग, मिलेमतो र धाधँलीरहित खेलमा खेलाडी र आयोजक प्रतिवद्ध हुनुपर्ने,
11. दर्शक, मिडिया र मार्सल सुरक्षा, व्यवस्था र आवश्यक सम्बन्धित सरकारी निकायको स्विकृति अनिवार्य हुनुपर्ने, र सोको जिम्मेवारि आयोजक, क्लब र कम्पनिको हुने,
12. यस संघमा आवद्ध मार्शलले गरेको मार्शलिङ्ग इभेन्ट र रिपोर्टिङ्ग मात्र यस संघको रेकर्ड हुनेछ,

Nepal Automobiles' Association N A S A Cnetral Committe

13.यस संघमा आवद्ध भ्यालिड स्पोर्टिङ लाइसेन्स होल्डर राइडर, ड्राइभर, मार्शल र अफिसललाई दर्शक इन्ट्रि सहज र निशुल्क गरिनुपर्ने,

14.स्वतन्त्र जुरी टिम, प्रोटेस्ट र अपिलको अधिकारको व्यवस्था हुनुपर्ने, साथै राइडरहरुलाई पुरस्कार र कारवाहि समेतको जिम्मेवारि त्यसै क्लबको हुने,

15.खेलाडी, प्राविधिक, अफिसियल र तोकिएको मिडिया समेतको दुर्घटना बिमा (बिमा व्यवस्था अनुसार कम्तिमा ५ लाखको) अनिवार्य गरिनुपर्ने,

16.प्रदेश खेलकुद परिषद तथा सम्बन्धित जिखेबिस, पालिका खेलकुद समिति र नासा नेपालको आवश्यक स्वकृति लिई सो संस्थाको लोगो ब्यानरको टपमा राखिनुपर्ने,

17.इभेन्टका बिजेताहरुलाई नगद पुरस्कार बापत इभेन्ट भएको आठौँ (८औँ) दिनमा साट्न मिल्ने चेक उपल्ब्ध गराउनुपर्ने,

18.जुन ईभेन्ट हो सोको लाागि सहभागीहरु सोहि तहका राइडर/ड्राइभर हुनुपर्नेछ भने तिनले अनिवार्य ओरियन्टेसनमा भाग लिई स्पोर्टस् लाइसेन्स लिएको हुनुपर्ने,

19.यस संघका स्पोर्ट लाइसेन्स होल्डर खेलाडी तथा मार्शलले यस संघमा आवद्ध नभएका कुनै पनि इभेन्टमा भाग लिनु अघि संघबाट स्विकृति लिनुपर्नेछ । साथै एउटा क्लवमा आवद्ध खेलाडी अर्को क्लव वा प्रदेश संघबाट खेल्दा पहिलो क्लव/संघको मन्जुरिनामा/अनुमति लिनुपर्ने,

20.कार्यक्रमको आर्थिक, प्राविधिक सहितको विस्तृत प्रतिवेदन कार्यक्रम सम्पन्न भएको १ महिना भित्र सम्वधित सरकारी निकाय तथा यस संघमा बुझाई सक्नु पर्ने,

21.खेलाडी, प्राविधिकलाई दिने सेवा–सुबिधा र दर्ता शुल्क सार्वजनिक रुपमै उल्लेख हुनेपर्ने,

22.सडक सुरक्षा, वातावरण संरक्षण, महिला सशक्तिकरण जस्ता विषयमा इभेन्ट मार्फत संदेश दिनु पर्ने,

23.सुरक्षा निकाय तथा आवश्यक सरकारी निकायबाट आयोजकले नै स्विकृति लिनुपर्ने र त्यसको लागि संचालकहरुको विवरण, प्रमाणित र वैधानिक कागाजतहरु पेश गर्नु पर्नेछ र स्विकृति दिएको स्थान, समय र सर्तमा मात्र कार्यक्रम गर्न पाइनेछ,

24.कार्यक्रमको दौरान सुरक्षाको सम्पुर्ण जिम्मेवारि आयोजकको हुनेछ, तोकिएको स्थान बाहेक अन्यन्त्र डिस्टर्व गर्न पाइने छैन,

25.ईभेन्टमा क्रियाशील अफिसियल, प्राविधिक, मार्शल र भोलिन्टियरलाई नासा नेपालको मार्शल एण्ड ट्रेनिङ कमिसनको सहकार्यमा परिचालन गर्नु पर्नेछ र कमिसनको नियम अनुसार न्यूनतम सेवासुविधा दिनु पर्नेछ,

26.ईभेन्टमा टिकट बापत आएको रकमको ट्याक्स अनिवार्य बुझाउनु पर्नेछ भने पुरस्कारको रकममा कर लाग्ने छैन र सम्पुर्ण आर्थिक दायित्व आयोजकले समयमै पुरा गर्नु पर्नेछ,

27.राष्ट्रिय ईभेन्टको लागि कम्तिमा ४ प्रदेशका सहभागी, प्रदेश र खुल्ला ईभेन्टका लागि कम्तिमा ४ जिल्लाका सहभागी हुनुपर्नेछ । खेलाडी र मार्शलका सम्पुर्ण विवरण प्रदेश खेलकुद परिषद/जिखेविस र यस संघमा अग्रिम बुझाउनु पर्ने,

28.मुख्य ब्राण्डिङ्ग मेटेरियलको ५० प्रतिशतसम्मको भागमा मात्र प्रायोजकको प्रोमो र लोगो राखिनेछ भने सम्पुर्ण प्रमोसन मटेरियलमा दुई तिहाइ भन्दा बढि साइज विज्ञापन राख्न पाइने छैन,

29.क्लव, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको कार्यक्रम मध्ये जुन हो सोहि तहको निकायबाट स्वकृति लिनुपर्ने र सोही अनुसार यस संघलाई दर्ता शुल्क अग्रिम भुक्तानी गनुपर्ने,

30.कार्यक्रमको आयोजक, संयोजक तथा मार्शल कोअर्डिनेटर र अन्य जिम्मेवारि ईभेन्टको अघिल्लो दिनमै सार्वजनिक हुनुपर्नेछ,

31.ईभेन्टको स्तर, ट्र्याक लम्बाइ, रेसिङ्ग एरिया तथा सुरक्षा संवेदनशिलतालाई मध्यनजर गरी सुरक्षा जनशक्ति, मार्शल र भोलिन्टियर हुनै पर्ने, प्रदेश संघ, मार्शल कमिसन तथा सम्बन्धित निकायबाट संवन्यमा गरिनुपर्ने,

32.राइडर/ड्राइभर र प्राविधिक सुरक्षा, अफिसियल सुरक्षा, मिडिया सुरक्षा र दर्शक सुरक्षाका मापदण्डहरुलाई कडाइका साथ अपनाउनु पर्नेछ र कुनै पनि दुर्घटना भएमा आफू स्वयं जिम्मेवार रहनेछु र कुनै कानुनि प्रक्रियामा लग्नेछैन भन्ने जानकारि/सम्भव भएमा हस्ताक्षर समेत गराउनु पर्ने,

33.कुनै पनि अन्तर्राष्ट्रिय इभेन्टका लागि १ वर्ष, राष्ट्रिय इभेन्टका लागि ६ महिना, प्रादेशिक र खुला इभेन्टका लागि ३ महिना र स्थानिय इभेन्टका लागि १ महिना अघि आवद्धता लिई सक्नु पर्नेछ,

34.यस संघसँगको आवद्धता शुल्क अन्तर्राष्ट्रिय इभेन्टका लागि USD १०००, राष्ट्रिय इभेन्टका लागि रु५००००, प्रादेशिक र खुला इभेन्टका लागि रु२५००० र स्थानिय इभेन्टका लागि रु१०००० रहनेछ,

35.अन्तर्राष्ट्रिय इभेन्ट केन्द्रिय समितिले, राष्ट्रिय इभेन्ट कमिसन र सचिवालयले, प्रादेशिक र खुला इभेन्ट प्रदेश संघ र कमिसनले र स्थानिय इभेन्ट सम्बन्धित आयोजकको सिफरिसमा प्रदेश संघले निर्णय गरी कार्यान्यन गर्न सक्नेछ,

36.कुनै पनि इभेन्टको लागि सिफरिस/स्वीकृतिको लागि सम्बन्धित कमिटि वा कमिसनको अध्यक्ष/प्रमुख तथा महासचिव/सचिवको हस्ताक्षर अनिवार्य हुनेछ,

37.राइडर/ड्राइभर तथा मार्शल लाइसेन्स प्रत्यक २-२ वर्षको लागि जारी गरिनेछ र त्यसको शुल्क आर्थिक नियमावलिमा तोकिएको अनुसार हुनेछ,

38.संघले अन्तर्राष्ट्रिय इभेन्टका लागि राइडर/ड्राइभरलाई NOC letter जारी गर्नेछ, जसका लागि राइडर/ड्राइभरले आफ्नो क्लव/प्रदेश संघ तथा कुनै पनि स्थानिय सरकारी निकायको सिफारिस, इभेन्ट सहभागिताको पुष्टिकरण confirmation/निमन्त्रणा पत्र, अभिभावकको सिफारिस सहितको करारनामा, सरकारी र संघको भ्यालिड लाइसेन्सको प्रतिलिपि तथा मेडिकल, टेक्निकल र आर्थिक अवस्थासमेत पेश गर्नु पर्नेछ, र आर्थिक नियमावलिमा तोकिय बमोजिक शुल्क तिर्नु पर्नेछ ।

39.राइडर/ड्राइभर International License लिनुपर्दा संघले सहजिकरण गर्नेछ भने आवश्यक शुल्क सहभागीले अग्रिम तिर्नु पर्नेछ,

40.संघ, क्लव वा कम्पनिले इभेन्ट आयोजना गर्दा घोषणा गरे अनुसारको पुरस्कार र राइडर/ड्राइभरको राष्ट्रिय/अन्तर्राष्ट्रिय सहभागिताको जिम्मेवारी सोहि आयोजकले लिनुपर्ने,

41.संघ तथा महासंघहरुका टेक्निकल रेगुलेसन तथा आवस्यकता अनुसार आयोजकले रेगुलेसन बनाउन सकिनेछ, जसलाई सम्बधित समितिको सिफारिसमा माथिल्लो निकायबाट अनुमोदन गनुपर्नेछ,

Nepal Automobiles' Association N A S A Cnetral Committe

42.अर्न्तराष्ट्रिय इभेन्टका लागि सम्बन्धित निकायले तोके अनुसारको गियर एण्ड ग्याजेट हुनुपर्नेछ भने राष्ट्रिय इभेन्टका लागि यस संघले तोके अनुसारको गियर एण्ड ग्याजेट हुनुपर्नेछ । त्यस्तै प्रादेशिक तथा स्थानिय इभेन्टका लागि सम्बन्धित आयोजकले सम्बन्धित कमिसन/प्रदेश संघको सम्वन्यमा तोकिएको अनुसारको गियर एण्ड ग्याजेट तोक्न सक्नेछ ।

43.यो कुनै पनि इभेन्टको लागि न्यूनतम प्राविधिक सर्त हो र यसको पालना नभएमा कुनै पनि ईभेन्टलाई आवद्धता स्वतः नदिइएको वा खारेज भएको मानिनेछ ।

44.यस संघमा यस अघि रहेका इभेन्ट सम्बन्धि दुइवटा गाइडलाइनलाई समेत आवश्यकता अनुसार यसै नियमावलीमा रहेर थपघट गर्न सकिनेछ । यस नियमावली संसोधन गर्नु तथा थपघट गर्नु परेमा सम्बन्धित कमिसनको सिफरिसमा कार्यसमितिले गर्नेछ ।

***खेलकुद बिकास ऐन २०७७ अनुसारका सम्बन्धित अन्तराष्ट्रिय महासंघ, राखेप, राष्ट्रिय संघ, प्रदेश खेलकुद परिषदमा आवद्ध संघसंस्था र क्लवहरुले मात्र खेल गतिविधि गर्न पाउने हुदा सो बाहेककाले कुनै खेल गतिविधि गरेमा गैरकानुनी मानिनेछ र यस संघ कारवाहीमा जान बाध्य हुनेछ ।***

कार्यदलका संयोजक तथा सदस्यहरुः

| | | | | |
|---|---|---|---|---|
| अनिल कुमार बराल | महेश अधिकारी | यदुराज लमिछाने | गोविन्द भट्टराई | नारायण राज अर्याल |
| संयोजक, | सदस्य, | सदस्य, | सदस्य, | सदस्य, |
| नियमावली कार्यदल | नियमावली कार्यदल | नियमावली कार्यदल | नियमावली कार्यदल | नियमावली कार्यदल |

कार्यदलद्वारा पारित मितिः २०८० कार्तिक २४, काठमाडौं, नेपाल

केन्द्रिय कार्यसमितिको २०८० माघ २९ को बैठकद्वारा अनुमोदित र केन्द्रिय कार्यसमितिको पदाधिकारी र सदस्यको हस्ताक्षर

Nepal Automobiles' Association
N A S A
Chetral Committe

कुनै पनि खेल आयोजकले यसै नियमावलि अनुसार इभेन्ट संचालन गर्नेछु भन्ने प्रतिवद्धता सहित संस्थाको छाप तथा आधिकारिक नाम, मिति र हस्ताक्षर :